नेपालगञ्ज उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके, ५ नं. प्रदेश, नेपाल

## प्रस्ताव आहवान सम्बन्धि सूचना

**प्रकाशित मिति : २०७६।०२।०३**

नेपालगञ्ज उप-महानगरपालिका र युनिसेफ नेपालको सहयोग एवं सहकार्यमा यस उप-महानगर क्षेत्रमा बालश्रम न्यूनिकरण तथा बालसंरक्षण सम्बन्धी कार्यक्रमहरु र उपमहानगरपालिकाको बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बालसंरक्षण अधिकार सँग सम्बन्धित कार्यक्रम स्थानीय गैर सरकारी संस्था मार्फत् संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तका अधिनमा रही यस कार्यालयमा सूचीदर्ता भएका काम गर्न ईच्छुक गैर सरकारी संस्थाहरुद्धारा देहायमा उल्लेख भए बमोजिम आवश्यक कागजात संलग्न राखि यो सूचना प्रकाशित मितिले १५ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग खाममा शिलबन्दी गरि पेश गर्नहुन यसै सूचनाद्धारा सूचित गरिन्छ ।

(१) सरकारी निकाय तथा यस उप-महानगरपालिकामा व्यवसाय, सेवा दर्ता तथा नविकरण भएको, (२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको, (३) क्षेत्रगत कार्यको अनुभव भएको, (४) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको, (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको, (६) आ.व.२०७४।०७५ को कर चुक्ता गरेको, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, (९) विगतमा स्थानीय तह संगको सहकार्यमा काम गरेको अनुभव, (१०) उप-महानगरपालिकाको नगर सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गरेको, (११) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१२) प्रस्ताव पेश गर्नुपूर्व सो सम्बन्धि कार्यक्षेत्रगत शर्त ToR र कार्यक्रमको Check list अनिवार्य रुपमा लिई सो बमोजिम प्रस्ताव तयार गरेको हुनुपर्नेछ, (१३ ) प्रस्ताव दाताले प्रस्ताव पेश गर्न सीमा नरहेता पनि बढिमा एउटा क्लष्टरमा मात्र छनौट हुनसक्नेछ, (१४) प्रस्तावदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१५) प्राप्त भएका सवै प्रस्तावहरु १६ औं दिनको (सो दिन कुनै सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन) दिउँसो २ बजे सरकारी कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाताको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१६) छनौट प्रकृयाको नतिजा सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ, (१७) कुनै कारण जनाई वा नजनाइ पेश भएको प्रस्ताव छनौट गर्ने वा रद्द गर्नसक्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१८) दस्तुरः प्रति क्लष्टर रु ५००।-(पांचसय मात्र), यस उ.म.न.पा.को राजस्व शाखामा नगद दस्तुर (फिर्ता नहुने गरि) बुझाई यस कार्यालयबाट कार्यक्रम सम्बन्धि क्रियाकलाप सहितको TOR प्राप्त गर्न सकिनेछ ।

(१९) लक्षित समूह दलित,आदीवासी जनजाती, पिछडावर्ग,मुस्लीम,लोपोन्मुखलाई प्राथमिकतामा राखी सहभागी छनौट गर्नुपर्नेछ साथै समूहमा काम गर्नेलाई प्राथकितामा राखीनेछ ।

(२०) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

| क्लष्टर | कार्यक्रम | लागत अनुमान |
|---|---|---|
| १ | बालश्रम न्यूनिकरण तथा बालसंरक्षण कार्यक्रम | ७,७९,०८०।- |
| २ | बालश्रम न्यूनिकरण तथा बालसंरक्षण कार्यक्रम | ७,४०,८८०।- |
| ३ | साझेदारीमा बालसंरक्षण सम्बन्धी कार्यक्रम | ५,००,०००।- |

थप जानकारीका लागि: **नेपालगञ्ज उप-महानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**फोन नं. ०८१-५२१००७**